# निजगढ राजपत्र

## निजगढ नगरपालिकाद्वारा प्रकाशित

खण्डः ९ संख्याः ५ मितिः २०८२/०५/१९


## भाग -१

## विनियोजन ऐन, २०८२

**प्रस्तावना:** निजगढ नगरपालिकाको आर्थिक बर्ष २०८२/०८३ को सेवा र कार्यहरुको लागि सञ्चितकोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उपधारा (२) तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम निजगढ नगरपालिकाको नगर सभाले यो ऐन बनाई जारी गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "**निजगढ नगरपालिकाको विनियोजन ऐन, २०८२**" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **<u>आर्थिक वर्ष २०८२/०८३ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः</u>** (१) आर्थिक वर्ष २०८२/०८३ को निमित्त निजगढ नगर कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त ***अनुसूची-१*** मा उल्लेखित चालू खर्च, पुंजीगत खर्च र वित्तीय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु. १,०१,०३,१४,१५३।-(अक्षेरुपी एक अर्ब एक करोड तीन लाख चौध हजार एक सय त्रीपन्न रूपैयाँ मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३. **<u>विनियोजनः</u>** (१) यस ऐनद्वारा सञ्चितकोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८२/०८३ को निमित्त निजगढ नगरपालिका, नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा निजगढ नगरकार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पुँजीगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र वित्तीय व्यवस्था अन्तर्गत

साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालू तथा पुँजीगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशतभन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा नगर सभाको स्वीकृति लिनु पर्नेछ ।

*अनुसूची-१*

(दफा २ संग सम्बन्धित)

| क्र.सं. | क्षेत्र/उप क्षेत्र/मुख्य कार्यक्रम | विनियोजन |
|---|---|---|
| १ | आर्थिक विकास | ८,३२,८३,१७५।४२ |
| २ | सामाजिक विकास | ३९,५९,४६,०००।- |
| ३ | पूर्वाधार विकास | ३२,७०,३४,८२४।५८ |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | ३,२६,००,०००।- |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | १७,१४,५०,१५३।- |
| **कूल जम्मा** | | **१,०१,०३,१४,१५३।-** |

**आज्ञाले**
राजेन्द्र बहादुर अर्याल
प्रमुख प्रशासकीय अधिकृत